# संघीय संसद
# प्रतिनिधि सभा

२०७९/०२/३०

## विनियोजन विधेयक माथिको छलफलमा मा. सांसदसज्यूहरुले उठाउनु भएका प्रश्नहरुको संक्षिप्त जवाफ

माननीय सांसदज्यूहरुबाट यस सम्मानित सदनमा युवाहरुलाई ज्येष्ठ नागरिकको सीप हस्तान्तरण, रोजगारी सिर्जना, स्वरोजगारमा वृद्धि गर्ने, युवा जनशक्तिलाई रोजगारीको व्यवस्था, गर्ने युवालाई लागुपदार्थ र दुर्व्यसनबाट बचाई विकास निर्माणमा परिचालन गर्ने, वैदेशिक रोजगारीबाट फर्केका युवालाई विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गरी रोजगारीको अवसर वृद्धि गर्ने जस्ता महत्त्वपूर्ण विषयहरुमा देखाउनु भएको चासो अत्यन्त प्रसंशनीय छ। यी विषयहरुलाई सम्बोधन गर्न मन्त्रालय प्रयासरत छ।

- युवाहरुलाई एकिकृत शक्तिको रुपमा विकास गर्न युवा क्वबहरु गठन गरी नमूना युवा संसदको अभ्यास, युवा स्वयंसेवक विकास तथा परिचालन, सार्क युवा परिषद गठन तथा साझेदारी निर्माण, संयुक्त राष्ट्रिय संघीय महासभाको अभ्यास जस्ता कार्यक्रमबाट युवाहरुको अन्तर्निहित क्षमता र नेतृत्व क्षमता विकास गर्ने लक्ष्य लिइएको छ। त्यसै गरी जोखिम अवस्थामा रहेका युवाहरुको पुन:स्थापना गर्ने, सहिद वेपत्ता तथा द्वन्द प्रभावित युवाहरु लक्षित कार्यक्रम गर्ने, एक शिक्षण संस्था एक उद्यम कार्यक्रम नमूनाको रुपमा सञ्चालन गर्ने र युवा प्रतिभाहरुको खोजी गरी प्रतिभावान युवाहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम समेत यस आर्थिक वर्षमा प्रस्ताव गरिएको छ।
- युवाहरुको रचनात्मक तथा सिर्जनात्मक क्षमताको विकास र उन्नति गर्ने उद्देश्यले विज्ञान तथा प्रविधिमा युवा सम्मेलन गर्ने, नव प्रवर्तन तथा इन्क्युवेशन सेन्टर सञ्चालन गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ।
- युवाहरुमा अनुशासन, नैतिक विकास र स्वयंसेवी भावनाको विकास गर्नका लागि स्काउट तालिम, विपद व्यवस्थापन तालिम र सातै प्रदेशमा लागु पदार्थ दुर्व्यसन विरुद्ध सचेतना वृद्धि टास्क फोर्स गठन गरी नेपाल स्काउटमार्फत कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरिएको छ।
- वैदेशिक रोजगारीबाट फर्केका युवा तथा तिनीहरुले प्राप्त गरेको सीपको उपयोग गरी उद्यम सञ्चालन गर्न तथा उनीहरुमा वित्तीय पहुँच वृद्धि गर्न उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरी सहुलियत पूर्ण कर्जा लिने व्यवस्थालाई सहजीकरण गर्न वाणिज्य बैंकहरु र

राष्ट्रिय युवा परिषद बीच सहकार्यको समझदारी हुँदै आएको छ। यसलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिइएको छ।

- युवा जनशक्तिलाई स्वदेश मै स्वरोजगार प्रदान गर्ने उद्देश्यले थप १२ हजार जनालाई कर्जा उपलब्ध गराई व्याज अनुदान दिने, ती युवा व्यवसायी र व्यवसायको सुरक्षाको लागि विमाको व्यवस्था मिलाइएको छ। कृषि, पशुपालन, साना उद्यम तथा व्यापार लगायत परम्परागत सीपसँग सम्बन्धित उद्यमहरु पनि यस्ता व्यवसायमा समेटिने छन्। ती व्यवसायहरुले थप १२ हजार जना युवालाई मौसमी र अल्पकालिन रोजगार समेत सिर्जना गर्ने अपेक्षा गरिएको छ। आर्थिक रुपले विपन्न महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङगता भएका व्यक्ति द्वन्द-पिडित, पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरिब किसानलाई, परम्परागत सीप (जेष्ठ नागरिकको सीप र कलालाई युवा पुस्तामा हस्तान्तरण) भएका युवाहरुलाई स्वरोजगार कार्यक्रम संचालन गर्न कर्जा उपलब्ध गराई आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउने व्यवस्था मिलाइएको छ।
- युवाको मुद्दा एक अर्का मन्त्रालयसँग अन्तर्सम्बन्धित (Cross cutting Issue) भएको हुँदा युवाहरुको रोजगार वृद्धि, उद्यम व्यवसाय, सीप विकास, शिक्षा र क्षमता विकासका लगायतका कार्यक्रमहरु नेपाल सरकारका अन्य मन्त्रालयहरुबाट पनि सञ्चालन हुने व्यहोरा माननीय सदस्यज्यूहरुलाई अवगत भएकै विषय हो। तसर्थ यस्ता कार्यक्रमहरु युवा तथा खेलकुद मन्त्रालयले पनि सञ्चालन गर्दा दोहोरो पर्न जाने, स्रोत साधनको उपयोगमा कठिनाई पर्ने भएकोले यस मन्त्रालयको नीति तथा कार्यक्रम अनुसारका कार्यक्रमहरु मात्रै प्रस्ताव गरिएको जानकारी गराउन चाहान्छु।

## खेलकुद तर्फ

- खेलाडीहरुको संरक्षण र विकासका लागि यस आर्थिक वर्षबाट खेलकुद विमाको अवधारणा विकास गरिएको छ। दुर्घटनामा परेमा खेलाडीहरुको उपचार गर्न चिकित्सा केन्द्रलाई व्यवस्थित गर्न बजेट व्यवस्था गरिएको छ। खेलाडीहरुलाई प्रोत्साहन गर्न खेलाडी जीवन विमा, खेलाडी तथा प्रशिक्षक स्वास्थ्य वीमा, खेलाडी तथा प्रशिक्षकको उपचार र आकस्मिक दुर्घटना सहयोग, खेलाडी प्रोत्साहन पुरस्कार, ओलम्पियन खेलाडी भत्ता, उत्कृष्ट खेलाडीलाई नगद पुरस्कार र सम्मानको व्यवस्था मिलाइएको छ।
- एक स्थानीय तह एक खेल पूर्वाधार निर्माण गर्ने नेपाल सरकारको नीति अनुसार गत विगतमा निर्माणाधिन रहेका खेल पूर्वाधारहरुलाई निरन्तरता दिँदै आगामी आ.ब. मा १७१ वटा पालिकामा नै बजेट जाने प्रस्ताव गरिएको छ। स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि

कार्यविधि अनुसार मन्त्रालयले सार्वजनिक सूचना जारी गरी स्थानीय तहहरुबाट नै उपयुक्त स्थानको छनौट गरी पुर्वाधार निर्माणका लागि प्रस्ताव माग गरिएको र सोही प्रस्तावका आधारमा मापदण्ड पुगेका स्थानीय तहहरुलाई बजेट विनियोजन गरिएको छ। बजेट विनियोजनको अधिकतम सिमा २ करोड भएको र प्रारम्भिक रुपमा कुनै पालिकालाई कम र कुनै पालिकालाई बढी पर्न गएता पनि अन्तमा सबै पालिकाले समान रुपमा बजेट प्राप्त गर्ने व्यहोरा समेत सम्मानित सदनलाई जानकारी गराउँछु।

- खेलकुद र खेलाडीहरुको विकास विद्यालय तह देखि नै गर्ने उद्देश्यले विद्यालयहरुलाई खेलकुदको उद्‌गम स्थलको रुपमा विकास गर्न यसै आ.ब.बाट नमूनाका रुपमा एक विद्यालय एक खेलमैदानको कार्यक्रम प्रस्ताव गरिएको छ।
- निर्माणाधिन अधुरा पूर्वाधारहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखिएकोले नयाँ योजनाहरु धेरै थप गर्न नसकिएको र माननीयज्यूहरुले माग गर्नुभए वमोजिमका सबै योजनाहरु समेट्न नसकिएको साथै ढोरपाटनमा हाई अल्टिच्यूट ट्रेनिङ्ग सेन्टर निर्माण र मदनभण्डारी रङ्गशाला बाग्लुङ्ग लगायत केही आयोजनाहरुमा जग्गाको स्वामित्व प्राप्त हुन नसक्दा पूर्वाधार निर्माणका लागि बजेट विनियोजन हुन नसकेको व्यहोरा पनि यस सम्मानित सदनमार्फत माननीयज्यूहरुलाई जानकारी गराउन चाहान्छु।

**सम्माननीय सभामुख महोदय,**

अन्त्यमा, युवा तथा खेलकुद मन्त्रालयलाई आ.ब. २०७९/८० मा विनियोजित वार्षिक वजेटबाट निर्धारित कार्यक्रमहरु पारदर्शी एवं प्रभावकारी ढंगले सम्पन्न गरिने कुरा म सम्माननीय सभामुख महोदय मार्फत सवै माननीय सदस्यज्यूहरुलाई आश्वस्त पार्दै खर्च कटौतिको प्रस्तावक माननीयज्यूहरुलाई आ-आफ्नो खर्च कटौतिको प्रस्ताव फिर्ता लिई दिनु हुन र सम्पूर्ण माननीयज्यूहरुलाई प्रस्तावित कार्यक्रम पारित गरिदिनु हुन अनुरोध गर्दछु।

**धन्यवाद ।**